गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८२।०४।२१ गतेका दिन, दिनको १२.३० वजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४१ औं (आ.व.२०८२।८३ को दोश्रो) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

## उपस्थिति

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अमाया |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री भुवन चापागाई | (सचिव) प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित उपस्थिति

गोपी कोइराला - योजना शाखा गण्डकी गा.पा. -

## निर्णयहरु

**प्रस्ताव नं. १) पूर्व निर्णय समीक्षा सम्बन्धमा ।**

**निर्णय नं. १,**

चालु आ.व. २०८२।८३ को पहिलो वैठक अर्थात मिति २०८२।०४।०४ गते वसेको यस समितिको १४० औ. वैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था वारे आजको यस बैठकमा विषयवस्तु प्रस्तुत भई समीक्षात्मक छलफल एवं सो सम्बन्धमा जानकारी भयो ।

**प्रस्ताव नं. २) स्थानीय दररेट स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. २)**

गण्डकी गाउँपालिका क्षेत्र भर चालु आ.व. २०८२।०८३ मा लागु हुने गरी जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको विश्लेषण गर्दै स्थानीय वजार र भौगोलिक अवस्था समेतलाई दृष्टिगत गरी गण्डकी गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिवाट सिफारिस भई आजको यस बैठकमा पेश हुन आएको निर्माण सामाग्रीको दररेट, ढुवानी तथा मेशिन उपकरणको भाडा एवं कामदारको ज्याला सहितको दररेट उपर दफावार रुपमा छलफल भयो । उक्त सम्बन्धमा पेश भएको दररेट गण्डकी गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिवाट पेश हुन आए बमोजिमनै हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३) चालु आ.व. २०८२।०८३ को योजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. ३**

यस गाउँपालिकाको अठारौ गाउँसभावाट चालु आ.व. २०८२।८३ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका योजनाहरु देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**देहाय,**

१) संघीय तथा प्रदेशस्तरीय समपुरक लगायतका योजनाहरु विद्युतीय वोलपत्र माध्यमवाट कार्यान्वयन गर्ने गरी श्रावण मसान्त भित्र आवश्यक प्रक्रिया अघि वढाई सक्ने,
२) वडास्तरीय गौरवका योजनाहरुका सम्बन्धमा वडा कार्यालयवाट कार्यान्वयन प्रक्रिया सहितको विवरण तयार गरी आगामी बैठकमा पेश गर्ने व्यवस्था मिलाउने,
३) चालु आ.व. देखि योजना व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सन्चालन गर्न गराउन योजना व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने,

**प्रस्ताव नं. ४) गण्डकी गाउँपालिका दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यकम सन्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।**

**निर्णय नं. ४**

गण्डकी गाउँपालिका दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यकम सन्चालन कार्यविधि, २०८२ को मस्यौदा आजको यस बैठकमा प्रस्तुत भई सो उपर छलफल भयो । पेश भएको उक्त "गण्डकी गाउँपालिका दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यकम सन्चालन कार्यविधि, २०८२" पेश भए बमोजिमनै स्वीकृत गर्ने निर्णय गरियो ।

प्रतिलिपि प्रमाणित

भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

**प्रस्ताब नं. ५) गण्डकी गाउँपालिकाको स्थानीय सेवा पुरुस्कार सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।**

**निर्णय नं. ५**

गण्डकी गाउँपालिकाको स्थानीय सेवा पुरुस्कार सम्बन्धी कार्यविधि, २०८२ को मस्यौदा आजको यस बैठकमा प्रस्तुत भई सो उपर छलफल भयो । उक्त सम्बन्धमा पेश भएको उक्त "गण्डकी गाउँपालिकाको स्थानीय सेवा पुरुस्कार सम्बन्धी कार्यविधि, २०८२" थप अध्ययन गरी आगामी बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं. ६ ) विविध**

१) हुलाक सेवाको पुनः संरचना गर्ने क्रममा एक पालिका एक स्मार्ट हुलाकको अवधारणासँगै पालिका केन्द्र नजिक हुलाक सेवा पुर्‍याउने नीति अनुरुप ताङ्लीचोकमा रहेको सो पालिका हुलाक पालिका केन्द्र भुम्लीचोकमा सारी सेवा प्रवाह गर्न उपयुक्त हुने वा नहुने सम्बन्धमा तहाँ कार्यपालिकावाट निर्णय हुन अनुरोध छ भनि जिल्ला हुलाक कार्यालय गोरखाको प.सं. २०८२।०८३ च.नं. ०७ मिति २०८२।०४।०४ को पत्र आजको यस बैठकमा पेश भई छलफल भयो । उक्त सम्बन्धमा गण्डकी गाउँपालिका वडा नं २ ताङ्लीचोकमा रही आएको पालिका हुलाक कार्यालय गण्डकी गाउँपालिका वडा नं ६ भुम्लीचोकवाट सेवा प्रवाह गर्ने गरी आवश्यक व्यवस्थापन मिलाउन जिल्ला हुलाक कार्यालय गोरखालाई अनुरोध गर्ने निर्णय गरियो ।

२) माया–प्रेम स्मृति प्रतिष्ठान गोरखाको समन्वय तथा जापान अन्तराष्ट्रिय सहयोग नियोग (JICA) तथा AMDA —MINDS नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सन्चालित पेशा परियौजना अन्तर्गत नोभेम्वर २०२५ मा जापानमा आयोजना हुने क्षमता अभिवृद्धि तालिम कार्यक्रममा गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना (साकार)ज्यूलाई जापान भ्रमणको लागि निमण्त्रणा प्राप्त हुन आएकोले सो वैदेशिक भ्रमणको लागी अनुमति प्रदान गर्दै आवश्यक सहमतिका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

३) यस समितिको बैठकवाट यस अघि स्वीकृत भएको उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत सुन्तलाको लागी प्रति के.जि. रु २।– उपलब्ध गराई आएकोमा उक्त कार्यविधिमा संशोधन गरी प्रति के.जि. रु ४।– उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लीचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष